# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## १८ महिने प्रि-डिप्लोमा कृषि तथा भेटेरिनरी अध्ययनका लागि आंशिक छात्रवृत्ति सम्बन्धी सूचना

साना किसान कृषि सहकारी संस्थाका सदस्य परिवारबाट एसईई उत्तीर्ण गरेका इच्छुक युवायुवतीहरूलाई यस लघुवित्त वित्तीय संस्थाले विगत वर्षहरुदेखि नै आंशिक छात्रवृत्ति प्रदान गर्दै आए अनुरुप नै आ.व. २०८२/८३ का लागि कृषि तथा भेटेरिनरी विषयक १८ महिने प्रि-डिप्लोमा (जेटीए) कोर्सका जम्मा २५ सिटमा आंशिक छात्रवृत्ति उपलब्ध गराउने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यस छात्रवृत्ति कार्यक्रममा सहभागी पठाउन चाहने साना किसान कृषि सहकारी संस्थाहरुले देहायका शर्तको अधिनमा रही मिति २०८२ साउन १८ भित्रमा यस वित्तीय संस्थाको सम्बन्धित शाखा कार्यालयमा तोकिएको ढाँचाको पत्र पठाउनु हुन अनुरोध छ ।

<u>शर्तहरु :</u>

१. सम्बन्धित साना किसान कृषि सहकारी संस्थाले देहायको योग्यता पुरा गरेको हुनु पर्नेछ :

   (क) विगत ५ वर्षदेखि मुनाफामा सञ्चालन भएको,

   (ख) वित्तीय संस्थाको स्तरीकरण (ग्रेडिङ्ग) मा कम्तीमा “ख” वर्ग हासिल गरेको,

   (ग) पशुधन शुरक्षण (पशुबिमा) वा कृषि सम्बन्धी कार्यक्रम सञ्चालन गरेको र

   (घ) वित्तीय संस्थासँगको कारोबार नियमित र अनुशासित रहेको ।

२. सम्बन्धित संस्थाले देहायको प्रकृया पुरा गरी छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्नु पर्नेछ :

   (क) सम्बन्धित सहकारी संस्थाको सञ्चालक समितिले शिक्षा उपसमितिको अध्यक्षको संयोजकत्वमा प्रबन्धक (व्यवस्थापक) सचिव हुने गरी ५ सदस्यीय छात्रवृत्ति उपसमिति गठन गर्नु पर्नेछ ।

   (ख) उपबुँदा (क) अनुसार गठित उपसमितिलाई यस छात्रवृत्ति कार्यक्रमको लागि उम्मेदवार/विद्यार्थी छनौटसँग सम्बन्धित सबै कार्य गर्ने गरी सञ्चालक समितिले अख्तियारी प्रत्यायोजन गर्नु पर्नेछ ।

   (ग) उपसमितिले छात्रवृत्तिसम्बन्धी बेहोरा खुलाई कार्यक्षेत्रभित्र कम्तीमा ७ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी छात्रवृत्तिको लागि आह्वान गर्नु पर्नेछ ।

   (घ) प्राप्त आवेदनहरु मध्ये उत्कृष्ट उम्मेदवारलाई सफल र दोस्रो हुनेलाई वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस गरी सञ्चालक समिति वा सञ्चालक समितिको अध्यक्षबाट स्वीकृत गराई तोकिएको ढाँचाको निवेदन साथमा राखी सम्बन्धित शाखा कार्यालयमा पठाउनु पर्नेछ ।

   (ङ) प्रत्येक शाखा कार्यालयलाई २ सिट (शाखा नेपालगञ्जलाई ३ सिट) का लागि छात्रवृत्ति कोटा उपलब्ध गराईएको छ । आवश्यकभन्दा धेरै सङ्ख्यामा आवेदन प्राप्त भएमा शाखा कार्यालयले पशुपालन क्षेत्र, आवश्यकता, यसअघि यो छात्रवृत्ति नपाएको क्रम र १२ कक्षाको प्राप्ताङ्क जस्ता आधारहरु लिई छनौट/सिफारिस गर्नेछ ।

   (च) उम्मेदवारले शैक्षिक संस्थामा देहायका कागजात संलग्न राखी तोकिएको ढाँचामा पत्र लेखी यस वित्तीय संस्थाको शाखा कार्यालयमा छात्रवृत्तिको लागि नाम सिफारिस गरी पठाउनु पर्नेछ ।

      (अ) शैक्षिक योग्यताको प्रमाण-पत्र (मार्कसिट समेत) को प्रतिलिपि ।

(आ) जन्म मिति खुल्ने नागरिकता वा चारित्रिक प्रमाणपत्र वा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

(इ) ३५"×४५" साइजको फोटो २ कपी ।

(ई) आफ्नो एकाघर परिवारका सदस्य साना किसान सहकारी संस्थाको शेयर सदस्य भएको प्रमाण खुल्ने कागजात (शेयर सदस्यताको प्रमाणपत्र वा संस्थाले प्रमाणित गरेको पत्र) ।

(छ) संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र कर्मचारी तथा तिनका एकाघर परिवारले यस छात्रवृत्ति कार्यक्रममा भाग लिन पाउने छैनन् । साथै निजहरुका नजिकका नातेदारहरुलाई समेत सकेसम्म सामेल नगराएमा सुशासनको दृष्टिले राम्रो मानिनेछ ।

३. छनौट भएका विद्यार्थीका अभिभावकले सम्बन्धित सहकारी संस्थामा देहाय अनुसारको विषय खुलाई प्रतिवद्धता/कबुलियतनामा गरिदिनु पर्ने छ :

(क) छनौट भएको विद्यार्थीले निर्धारित शैक्षिक सत्र पुरा गरी तोकिएको परीक्षा दिनु पर्नेछ ।

(ख) विद्यार्थीले कुनै गैरकानुनी काम गरेमा वा अनुशासनहीन कार्यगरी दण्ड जरिवाना तिर्नु परेमा वा निर्धारित शैक्षिक विषयको अध्ययन पुरा नगरी बिचैमा छोडेमा वा अन्तिम परीक्षामा समेत सामेल नभएमा, वा अध्ययन पुरा गरेको प्रमाणपत्र र मार्कसीट संस्थामा नबुझाएमा सम्बन्धित विद्यार्थीको अभिभावकले सहकारी संस्थाबाट लिएको ऋण सरह मानी देहाय अनुसारको रकम भुक्तान गर्ने प्रतिवद्धता गरेको हुनु पर्नेछ :

(अ) वित्तीय संस्थाले उपलब्ध गराएको छात्रवृत्तिको पुरै रकम,

(आ) सम्बन्धित सहकारी संस्थाले बेहोरेको सम्पूर्ण खर्च रकम र

(इ) निज विद्यार्थीले भुक्तान गर्नु पर्ने ठहर भएको अन्य कुनै रकम ।

(ग) छनौट भएको विद्यार्थीले सम्बन्धित सहकारी संस्थामा अन्य आवश्यक विषयबाहेक देहाय अनुसारको कबुलियतनामा/प्रतिवद्धता गरेको हुनु पर्नेछ :

(अ) सम्बन्धित सहकारी संस्था र शिक्षालयको नीति नियम र अनुशासन पूर्ण पालना गर्ने,

(आ) निर्धारित शैक्षिक सत्र पुरा गरी परीक्षामा सामेल हुने,

(इ) उत्तिर्ण वा अनुत्तिर्ण जे भएपनि रिजल्ट आएपछि मार्कसीट र प्रमाणपत्र संस्थामा पेश गर्ने,

(ई) उपबुँदा (क) अनुसारका सबै शर्तहरुमा पूर्ण सहमत हुने,

(उ) कुनै पनि शर्त उलंघन गरेमा छात्रवृत्तिका सन्दर्भमा वित्तीय संस्था र सहकारीले उपलब्ध गराएको सम्पूर्ण रकम सहकारी संस्थाबाट लिएको ऋण सरहमानी सहकारी संस्थामा बुझाउने र बुझाउन नमानेमा सहकारी संस्थाले चलअचल जायजेथा समेतबाट असुल उपर गर्न सक्ने मञ्जुरी,

(ऊ) यस कार्यक्रममा सहभागी भई अध्ययन/तालिम पुरा गरिसकेपछि सम्बन्धित सहकारी संस्थाले निज विद्यार्थीको आवश्यकता महशुस गरी निजलाई संस्थाले निर्धारण गरे अनुसारको सुविधा दिएर संस्थामा नै काम गर्न अनुरोध गरेमा बढीमा २ वर्षसम्म काम गर्ने ।

(४) लागत सम्बन्धमा देहाय अनुसारको व्यवस्था हुनेछ :

(क) सम्बन्धित शैक्षिक संस्थामा यस वित्तीय संस्थाले प्रति व्यक्ति रु. ६५,०००/- नबढ्ने गरी शुल्क भुक्तान गरिदिने छ।

(ख) आवासीय व्यवस्थाका लागि सम्बन्धित सहकारी संस्थाले विद्यार्थीलाई कम्तीमा रु. ६०,०००/- भुक्तानी दिनु पर्नेछ।

(ग) यस बाहेक लाग्ने सबै किसिमका खर्चहरु विद्यार्थी स्वयम्‌ले बेहोर्नु पर्ने छ।

(५) शैक्षिक संस्था सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ :

(क) यस प्रयोजनका लागि **कृषि तथा भेटेरिनरी प्रि-डिप्लोमा अध्यापन गराउन पाउने गरी** सिटीभिटी अन्तर्गत आवद्ध/सम्बन्धन/स्वीकृत प्राप्त शैक्षिक संस्थाहरु मध्ये वित्तीय संस्थाले कोशी र मधेश प्रदेशका लागि एक, बागमती र गण्डकी प्रदेशका लागि एक तथा लुम्बिनी, कर्णाली र सुदुर पश्चिम प्रदेशका लागि एक शैक्षिक संस्था छनौट गर्नेछ।

(ख) वित्तीय संस्थाले छनौट गरी तोकेको शैक्षिक संस्थामा सम्बन्धित विद्यार्थी भर्ना भई अध्ययन गर्नु पर्नेछ।

(६) अन्य विशेष शर्तहरु :

(क) यो छात्रवृत्ति पाउने विद्यार्थीले आफूलाई तेस्रो पक्षसँग प्रस्तुत गर्दा वित्तीय संस्थाको आधिकारिक प्रतिनिधि वा कर्मचारी वा पदाधिकारी वा कुनै पनि रुपमा संलग्नता देखिने गरी प्रस्तुत गर्न वा कुनै पनि रुपमा सङ्केत गर्न पाईने छैन। सो गरेको पाईएमा यो छात्रवृत्ति सुविधा स्वतः खारेज गरी नोक्सानी भरपाई गर्ने अधिकार वित्तीय संस्थामा रहने छ।

(ख) यस निर्देशिका अनुसार वित्तीय संस्थाले बेहोर्ने रकम बाहेकका सम्बन्धित विद्यार्थीका कुनै पनि किसिमका खर्चहरु (उदाहरण : आवास, खाना, यातायात, पोशाक, मसलन्द, पोकेट खर्च, औषधोपचार, बिमा, नोक्सानी, दुर्घटना, वा जुन सुकै किसिमका अन्य खर्चहरु वा क्षतिपूर्ति वा अन्य कुनै पनि दाबी) वित्तीय संस्थाले बेहोर्ने छैन।

(ग) माथि उपबुँदा (आ) मा उल्लेख गरेबाहेक विद्यार्थीको छनौट प्रक्रियादेखि अध्ययन पुरा भई नफर्किएसम्म पुरै अवधिमा निजसँग वा निजको सम्बन्धलाई लिएर वित्तीय संस्थाले कुनै पनि किसिमको वित्तीय भार वहन गर्ने छैन।

(घ) कुनै विद्यार्थीले बिचमै पढाइ छोडेमा निज उपर भएको यस वित्तीय संस्थाको खर्च सम्बन्धित सहकारी संस्थाले असुल उपर गरी वित्तीय संस्थामा बुझाउनु पर्नेछ।

(ङ) अन्य कुराहरु वित्तीय संस्थाको नियम तथा निर्णयानुसार हुनेछ।

छात्रवृत्ति कार्यक्रममा सहभागी हुन चाहने साना किसान कृषि सहकारी संस्था लि.हरूले तोकिएको ढाँचाको निवेदन सम्बन्धित शाखा कार्यालयमा मिति २०८२ साउन १८ गतेभित्र पेश गर्नु हुन अनुरोध छ। निवेदनको नमुना यस वित्तीय संस्थाको वेबसाइट **www.skbbl.com.np** वा यस वित्तीय संस्थाको जुनसुकै शाखा कार्यालयबाट प्राप्त हुनेछ। विस्तृत जानकारीका लागि यस वित्तीय संस्थाको कुनै पनि शाखा कार्यालय वा मोबाईल नम्बर ९७६५३५४४६७ (मनिष महतो) मा सम्पर्क गर्न सकिनेछ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, काठमाडौँ